नेपाल सरकार
# लगानी बोर्डको कार्यालय

☎ ९७७-१-४५७५२९३, ४५७५२७६, ४५७५२७७, ४५७५२७८
फ्याक्स: ९७७-१-४५७५२८१

अन्तर्राष्ट्रिय सम्मेलन केन्द्र परिसर,
नयाँ बानेश्वर, काठमाडौं ।

पत्र संख्या: ०८०/०८१
च. नं.: ४४५

मिति: २०८०/०९/११

## प्रेस विज्ञप्ति

काठमाडौं, अरुण-३ प्रवेशमार्ग मुआब्जा पीडित स्थानीय संघर्ष समितिले २०८०/०८/२० मा प्रेस विज्ञप्ति जारी गर्दै अरुण—३ जलविद्युत आयोजना प्रवेश मार्ग छ्याङ्गुटी—दिदिङ्ग खण्डको मुआब्जा वितरण कार्य शुरु नभएको खण्डमा २०८०/०९/१२ देखि उक्त आयोजनाको प्रवेशमार्ग र पावरहाउसको सम्पूर्ण कामकारवाही ठप्प पार्ने भनी गरेको प्रेस विज्ञप्तिप्रति यस कार्यालयको गम्भीर ध्यानाकर्षण भएको छ।

अरुण-३ प्रवेश मार्ग (छ्याङ्गुटी—दिदिङ्ग ०-२४.५ कि. मि.) को छुट मुआब्जा/क्षतिपूर्ति रकम सम्बन्धी समस्या समाधान गर्न नेपाल सरकार (मन्त्रिपरिषद्) को मिति २०८०/०७/१६ को निर्णयले विकासकर्ताबाट पछि नेपाल सरकारले शोधभर्ना गर्ने गरी रु. ५३ करोड रुपैयाँ बराबरको Demand Guarantee संखुवासभा जिल्ला प्रशासन कार्यालयको खातामा जम्मा गरिएको र सो जग्गा विषयक समस्या अध्ययन गर्न नेपाल सरकारका पूर्व सचिव श्री अर्जुनजंङ्ग थापाको संयोजकत्वमा पूर्व सहसचिवद्वय श्री जनकराज दाहाल र श्री पद्मनिधि सोती सदस्य रहेको तीन सदस्यीय उच्चस्तरीय कार्यदल गठन गरेको र उक्त कार्यदललाई तोकिएको कार्यदेश अनुसार काम शुरु गरेको मितिले ३ महिना भित्र कार्य सम्पन्न गरी प्रतिवेदन पेश गर्ने कार्यदिश रहेको छ।

उक्त कार्यदलले मिति २०८०/०७/२२ बाट कार्य प्रारम्भ गरी प्रभावित क्षेत्रको स्थलगत भ्रमण, विभिन्न सरोकारवाला निकायहरुमा रहेको कागजात संकलन, छलफल तथा अन्तरक्रियाका साथै प्राप्त कागजातहरुको अध्ययन गरिरहेको हुँदा उक्त कार्यदलले तोकिएको कार्य सम्पन्न गरी प्रतिवेदन पेश नहुँदा सम्म नेपाल सरकारको प्राथमिकतामा रहेको साथै प्रत्यक्ष वैदेशिक लगानी रहेको अरुण- ३ जलविद्युत परियोजनामा नकारात्मक असर पर्ने विषयलाई ध्यानमा राखी अरुण- ३ प्रवेशमार्ग मुआब्जा पीडित स्थानीय संघर्ष समितिका नामबाट बन्द हडताल जस्ता क्रियाकलाप सहितको उपरोक्त उल्लेखित कार्यक्रमहरु फिर्ता लिई परियोजना निर्बाध रुपमा संचालनका लागि आवश्यक सहयोग गरिदिनहुन सम्बन्धित पक्षलाई लगानी बोर्डको कार्यालय अनुरोध गर्दछ।

(प्रद्युम्न प्रसाद उपाध्याय)
सहसचिव एवं प्रवक्ता